**निर्णय नं. १ः**

वीरेन्द्रनगर नगर सरकारको पहिचान झल्कने गरि पहिचान छाप तय गर्दै र नगर सभाका सदस्यहरुको पहिचान लोगो र पोशाक निर्माण गर्न निम्न सदस्यहरु रहेको समिती गठन गरी एक महिना भित्र समितीले नगर कार्यपालीका समक्ष प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

**निम्न**

संयोजक श्री भुपेन्द्र बहादुर दर्लामी,वडा अध्यक्ष वडा न १३

सदस्य श्री मोती प्रसाद कडेंल,वडा अध्यक्ष वडा न ६

सदस्य श्री यमुना नेपाली,नगर कार्यपालीका सदस्य

सदस्य सचिव श्री दिपेन सुवेदी,प्रशासकीय अधिकृत

**निर्णय नं.२ :**

वीरेन्द्रनगर नगरपालीकाको यस अधिका नगर परिषदहरुमा कर्मचारीहरुको लागी प्रोत्साहन भत्ता वाफत १५ दिनको तलब दिने प्रचलन रहेको सर्न्दभमा मिती २०७४।०३।३१ गते सम्पन्न प्रथम नगर सभा मा सहयोग गर्ने वीरेन्द्रनगर नगरपालीका नगरकार्यपालीका कार्यालयका कर्मचारीहरुको लागी प्रोत्साहन स्वरुप निम्न मापदण्ड अनुसार प्रोत्साहन भत्ता दिने निर्णय गरियो ।

१.कार्यकारी अधिकृत,वरिष्ठ अधिकृत र प्रशासकीय अधिकृतका लागी खाइपाई आएको २५ दिनको तलब ।

२.शाखा,उपशाखा प्रमुख र वडा सचिवहरुका लागी खाइपाई आएको १० दिनको तलब ।

३.अन्य बांकी कर्मचारीहरुका लागी खाइपाई आएको ७ दिनको तलब ।

**निर्णय नं. ३ः**

सार्वजनिक सेवा तथा क्षमता विकास समितीको सिफारीस बमोजिम वडा कार्यालयहरुबाट सेवा संचालन गर्नका लागि तत्काल निम्न मापदण्ड तोक्ने र मापदण्ड बमोजिमको रकम वडा समिती को कार्यालयलाई निकासा दिने निर्णय गरियो ।

**<u>निम्नः</u>**

महिनामा कम्तीमा दुई वटा बैठक वडा समितिमा बस्ने गरि निम्न खर्चः<br>
भत्ताः ६ जना x रु १००० .x २ पटक<br>
खाजा खर्चः ६ जना x रु १०० .x २ पटक<br>
पटके बैठक (१ देखि १३ नं वडासम्म .): १ पटक x ५० जना x रु१०० .<br>
(१४ देखि १६ नंवडासम्म .): १ पटक x २५ जना x रु१०० .<br>
अतिथि सत्कारः प्रत्येक वडामा रु .१२०००। -

हरेक वडामा खानेपानी र बिजुली बिल बमोजिम र कार्यालय संचार रु. १०००।- र वडा अध्यक्ष संचार खर्च रु .१०००।- कार्यपालिका सदस्य संचार खर्च रु .५००।-

कार्यपालिका सदस्यः ८ जना x रु १००० .(भत्ता)

८ जना x रु .१०० (खाजा खर्च)

उल्लेखित खर्च शिर्षक बाहेकका अन्य स्थानिय स्तरमा गरिने इन्धन , दैनिक भ्रमण भत्ता आदि वडा स्तरको स्थानिय आम्दानीका आधारमा गर्ने ।

**निर्णय नं. ४:**

यस नगरपालीकाको आ.व २०७३।०७४ को आन्तरिक लेखा परिक्षण गर्ने कार्य गर्न आवश्यक जनशत्ती छनौट र पारिश्रमिक निर्धारण गर्ने जिम्मेवारी सार्वजनिक सेवा तथा क्षमता विकास समितीलाई दिने निर्णय गरियो ।

**निर्णय न ५:**

गत विगत वर्षहरु देखी नै विभिन्न कार्यक्रम अर्न्तगत आन्तरीकरण भएका र विभिन्न सेवा दिनका लागी करारमा रहेका कर्मचारीहरुको २०७४ आषाढ मसान्तमा म्याद समाप्त भएको र यस कार्यालयको कार्यबोझको आधारमा गत विगतमा झै १ वर्ष र ६ महिना म्याद थप गरि काममा लगाउनुपर्ने देखिएकाले अस्थायी र करार कर्मचारीका सम्बन्धमा नेपाल सरकार र आगामी नगर सभा बाट नयां निर्देशन भएमा सोही बमोजिम हुने अन्यथा साविककै सेवा सर्त र म्याद थपको अवधि हुने गरि हाललाई म्याद थप गरि काममा लगाउने निर्णय गरियो ।

**निम्न**

१.निर्मला भट्राई,वरिष्ठ सामुदायिक परिचालक

२.ज्योती के.सी, वरिष्ठ सामुदायिक परिचालक

३.मोहन कार्की,अमिन

४.भुपेन्द्र ब अधिकारी अमिन

५.लक्ष्मीकान्ता पन्त,अहेव

६.हृदय कुमार आले अहेव

७.चुडामणि भट्राई, सामुदायिक परिचालक

८.रत्न वि क सामुदायिक परिचालक

९.हरि पौडेल हल्का सवारी चालक

१०.तुल्सी खरेल कार्यालय सहयोगी

११.भुवन सिं हमाल भान्से

१२.धनविर रोकाय माली

१३.विनोद खड्का चौकीदार

१४.रमा बाल्मीकी सरसफाइकर्मी

१५.गोविन्द प्र खराल सरसफाइकर्मी

१६.हरि ब थापा सरसफाइकर्मी

१७.सुन्दरपता बाल्मीकी सरसफाइकर्मी

१८.भविलाल सार्की मेहत्तर

१९.इन्द्रजित बाल्मीकी मेहत्तर

२०.दिपक ढकाल,प्राविधिक सहायक,गर्पन

२१.डिल ब चपाई,प्राविधिक सहायक,रतु

२२.रेशम लाल पराजुली, कार्यालय सहयोगी गढि

२३.पुष्कर बहादुर खड्का,एच.ए.

**निर्णय न ६:**

सम्पुर्ण वडा कार्यालयहरुमा वडा समितीले तोके बमोजिम बैक खाता संचालन हुने गरि खर्च खाता संचालन गर्ने निर्णय गरियो ।

**निर्णय न ७:**

प्रथम नगर सभा सम्पन्न गर्न भएका वडा भेलाहरुको खर्च विवरण संकलन गर्दै सो लाई आगामी नगर कार्यपालीकाको बैठकमा पेश गर्ने जिम्मेवारी यस कार्यालयका प्रशासकीय अधिकृत श्री दिपेन सुवेदीलाई दिने निर्णय गरियो ।

**निर्णय न ८:**

वीरेन्द्रनगर नगरकार्यपालीका कार्यालयका कर्मचारीहरुको पोशाकलाई नियमित गर्ने तथा आचरण लगायत विषयहरुलाई थप व्यवस्थित गर्न नगरकार्यपालीकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय न ९:**

वीरेन्द्रनगरका सम्पुर्ण १६ वटै वडा कार्यालयहरुमा यस नगरपालीकाको संशोधित नागरिक वडापत्र टांस गर्ने साथै प्रथम नगर सभाबाट स्विकृत नीति तथा कार्यक्रमलाई पुस्तकको रुपमा प्रकाशन गर्न नगरकार्यपालीकाको कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय न १०**

यस नगरपालीकाका कार्यकारी अधिकृतको भान्से सहयोगीको न्युनतम पारीश्रमिक मिती २०७४।०३।२० को कार्यपालीकाको निर्णय बमोजिम मासिक रु.७००० तोकिएकोमा उक्त रकम नेपाल सरकारको प्रचलित श्रम कानुन भन्दा कम भएको हुंदा निजको मासिक पारिश्रमिक मासिक रु.१०१०० मा नबढने गरि घटाघटमा २०७४ श्रावण देखी बहालवाला कार्यकारी अधिकृतको इच्छा अनुसारको समय सम्म मात्र काममा लगाउन कार्यकारी अधिकृतलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय न ११**

वीरेन्द्रनगरका १६ वटै वडा कार्यालयहरुबाट सेवा प्रवाहलाई थप व्यवस्थित गराउन कर्मचारीहरुको पदस्थापनाका लागि निम्न न्युनतम मापदण्ड तयार पार्ने निर्णय गरियो ।

**निम्न**

वडा न १ देखी १३ सम्म : वडा सचिव सहायक स्तर पांचौ

:सहायक स्तर चौथो (कम्प्युटरमा दक्ष) १ जना

:कार्यालय सहयोगी १ जना

:**जम्मा ३ जना**

वडा न १४ देखी १६ सम्म : वडा सचिव सहायक स्तर चौथो

:प्राविधिक सहायक चौथो १ जना

:कार्यालय सहयोगी १ जना

:**जम्मा ३ जना**

उल्लेखित सहायक स्तर चौथो वा सो सरह (वडा सचिव बाहेकको सहायक कर्मचारी) र सहायक स्तर प्रथम तहको कर्मचारी सम्भव भएमा नगर कार्यपालीकाको कार्यालयबाट खटाउने,नभएमा सेवा प्रदायक संस्थाबाट साविकमा नगरपालीकाले सेवा लिएको दरमा नबढने गरि बढिमा ६ महिना सम्म वा नगर कार्यपालीकाको कार्यालयले अर्को व्यवस्था नगर्दा सम्म सेवा करारमा लिई काममा लगाउने निर्णण गरियो ।